आमचोक गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

बालंखा, भोजपुर

पत्र संख्या :- २०७६।०७७

च.नं. :-

१ नं. प्रदेश

नेपाल ।

## अपिल

कोरोना भाइरस COVID 19 ले विश्वव्यापि माहामारीको रुप लिईरहेको अवस्थामा नेपाल समेत उच्च जोखिममा रहको छ । कोराना भाइरसवाट आमचोक गाउँपालिका समेत प्रभावित र जोखिममा हुन सक्ने संभावना समेतलाई मध्यनजर गर्दै यसको रोकथाम र नियन्त्रणका लागि हामी प्रयत्नरत छौ।

आमचोक गाँउपालिकाले यस रोगको नियन्त्रण र रोकथामको लागि योजनावद्ध तरिकाले संघ, प्रदेश सरकार, विभिन्न राजनितिक दल, नागरिक सभाज स्थानिय संघ संस्था लगाएतसँग समन्वय भईरहेको छ । चीन, भारत साथै तेश्रो मुलुक र अन्य जिल्लावाट आमचोक गाउँपालिका फर्किएर आएका व्यक्तिहरुको पहिचान गरी उनिहरुको स्वास्थ्य परिक्षण सहित गाँउपालिकाले निर्माण गरेको क्वारेनटाइन र होम क्वारेनटाइनमा राखि स्वस्थ्यकर्मीहरुवाट निरन्तर निगरानी गर्ने कार्य भैरहको छ । आज देश सरकारको निर्णयानुसार निरन्तर लकडाउनमा रहेको छ । यसवाट अतिविपन्न नागरिक, दैनिक ज्यालादारी गरेर जिविकोपार्जन गर्ने असाहय परिवारलाई राहात वितरणको आवश्यकता भएको कार्यपालिका वैठकको निर्णय समेत भएको तथा मिति २०७६/१२/३० मा वसेको सर्वदलिय/सर्वपक्षिय वैठकवाट समेत केहि सुझावहरु प्राप्त भै त्यस्ता व्यक्ति तथा परिवारको विवरण वडा मार्फत संकलन भैरहेको र निजहरुलाई अति आवश्यक खाद्यान्न लगाएतका सामाग्री गाउँपालिकाले सम्वन्धित वडा कार्यालयहरु मार्फत वितरण गर्ने व्यहोरा सम्पुर्णमा जानकारी गराउन चाहान्छु ।

आमचोकबासीको दैनिक जीवनलाई सहज गर्दै संभावित स्वास्थ्य चुनौतिको सामाना गर्न आवश्यक पर्ने स्वास्थ्य सामाग्री खरिद, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको सुव्यवस्थित परिचालन गर्न र दैनिक जिवनयापनको लागि आवश्यक खाद्यान्नको अभाव झेल्न थालेका असाहय अति विपन्न, दैनिक ज्यालादारी गर्ने व्यक्ति,परिवारलाई राहात वितरण गर्ने कार्यका लागि यो इतिहास कै विषम परिस्थितिमा स्थानिय सरकारको मात्र एकल प्रयास वाट नहुने भएकोले आमचोक गाँउपालिका वा गाँउपालिका बाहिर रहनुहुने उद्योगी, व्यापारी, राजनितिक दल, समाजसेवी, संघ, संस्था, वुद्धिजिवि र आम नागरिकहरुवाट हामीले आर्थिक सहयोगको अपेक्षा गरेका छौं । तसर्थ सहयोग गर्न चाहानुहने महानुभावहरुले सहयोग रकम आमचोक गाँउपालिकाको सिद्धार्थ वैंक आमचोक शाखा कार्यालयमा रहेको खाता <u>आमचोक गा.पा. (ग-७.२) प्रकोप व्यवस्थापन कोष खाता नं ०२६१५१६५८३१</u> मा जम्मा गरिदिनुहुन अनुरोध छ ।

अन्त्यमा मानव सभ्यता कै लागि चुनौतीको रुपमा देखा परेको यस माहामारीमा सवैले आ-आफ्नो ठाउँवाट सकेको सहयोग गरौ, सामाजिक दुरी कायम गरौ , अत्यावश्यक काम वाहेक घरवाट वाहिर नजाऔं, पटक पटक सावुन पानीले हात धोऔं, हात मिलाउनुको सट्टा नमस्कार गरौं र सुरक्षित साथ घरमा वस्नुहुन सम्पुर्ण गाँउवासीहरुमा हार्दिक अपिल गर्दछु ।

मितिः २०७७ जेष्ठ २३

अशोक राई

अध्यक्ष

सूचना अधिकारी सम्पर्क नं. : ९८५२०८१३३६ वेव साईट : www.aamchowkmun.gov.np

ईमेल : ito.aamchowkmun@gmail.com

Scanned with CamScanner